भीमफेदीमा ५० प्रतिशत अनुदानमा असला माछा र खरी बाख्रा । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-३२ ● २०८० फागुन ०७ गते सोमबार, ● 19 Feb., 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## आफ्नै मापदण्डमा नगरपालिका कमजोर

विकास संवाददाता
थाहानगर

मकवानपुरको एक मात्र नगरपालिका 'थाहा'को नगरपालिका हुन आवश्यक मापदण्डकै सूचक कमजोर रहेको पाइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको शर्त र सुविधामा थाहा नगरपालिका कमजोर रहेको पाइएको हो । ऐनमा नगरपालिका हुनका लागि तोकिएको विभिन्न १६ वटा सूचकमा थाहा नगरपालिका कमजोर छ ।

यद्यपि थाहा नगरपालिका स्थानीय तह पुर्नसंरचना प्राविधिक सहयोग समितिको सिफारिसमा नगरपालिका घोषणा भएको स्थानीय तह हो । यस समितिको कार्यशर्त तथा कार्यविधि बमोजिम थाहालाई नगरपालिकाका लागि सिफारिस गर्दा जनसंख्या ३१ हजार भए पुग्थ्यो । तर अहिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ । ऐनको दफा १२० मा थप स्पष्ट पार्दै भनिएको छ–'प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम हुनेछ ।' ऐन अनुसार थाहा नगरपालिका कार्यान्वयनका लागि जनसंख्या न्यूनतम ५० हजार हुनुपर्नेछ । ऐनको दफा ८ ले नगरपालिका वर्गीकरणको व्यवस्था गरेको छ । दफा ८ (१) क मा नगरपालिका हुन आवश्यक पर्ने शर्त र सुविधा तोकिएको छ । यस दफामा नगरपालिका हुनका लागि सबैभन्दा प्राथमिकताको साथमा जनसंख्यालाई शर्त बनाइएको छ । नगरपालिका हुनका लागि हिमाली जिल्लामा कम्तिमा १० हजार, पहाडी जिल्लामा ४० हजार, भित्री मधेशका



जिल्लामा ५० हजार, तराईका जिल्लामा ७५ हजार र काठमाण्डौं उपत्यकामा कम्तिमा १ लाख जनसंख्या हुनुपर्ने ऐनमा उल्लेख छ । ऐन अनुसार–'थाहा नगरपालिका भित्री मधेश अन्तर्गतको जिल्लामा पर्दछ, जनसंख्या कम्तिमा ५० हजार हुनुपर्दछ ।' थाहाको जनसंख्या २०७८ को तथ्याङ्क अनुसार ३८ हजार ८७० छ । ऐनको अनुसूची १ मा मकवानपुर सहित ७ वटा जिल्ला भित्री मधेसमा पर्ने उल्लेख गरिएको छ ।

स्थानीय तह सञ्चालनका लागि संविधानमा भएका व्यवस्थाहरूलाई थप स्पष्ट पार्दै सरकारले मूल ऐनको रूपमा कार्यान्वयनमा ल्याएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको वर्गीकरण, काम, कर्तव्य, अधिकार कर राजश्वलगायतका थुप्रै सवालहरू समेटिएको छ । दफा ८ मा व्यवस्था गरिएको नगरपालिकाको वर्गीकरण अनुसार आन्तरिक आय कम्तिमा ३ करोड हुनुपर्ने शर्त तोकिएको छ । सडक, सडक पेटी, विद्युत, खानेपानी, सञ्चार र अन्य न्युनतम शहरी सुविधा भएको हुनुपर्ने ऐनमा उल्लेख छ । थाहा नगरपालिकाले १२ वटा वडामा १२ वटै वडास्तरीय सडक कालोपत्रे गर्ने लक्ष्यसहित डिपिआर गरेको भएपनि अझै पूरा हुन सकेको छैन । नगरपालिकाको शर्तहरू मध्ये फोहोरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साइटको उचित प्रबन्ध भएको हुनुपर्नेमा थाहा नगरपालिका क्षेत्रमा २ वटा सेग्रिगेशन हाउस मात्र सञ्चालनमा रहेका छन् । दीगो फोहोर व्यवस्थापनका लागि हालसम्म ल्याण्डफिल्ड साइटको स्थान यकिन हुन सकेको छैन । थाहा नगरपालिकाको प्रत्येक वडामा खुल्ला क्षेत्र तथा पार्क उद्यान हुनुपर्ने मापदण्ड भएपनि यस सम्बन्धी संरचना र क्षेत्रको सूचकमा थाहाको उपलब्धी कमजोर छ ।

ऐन अनुसार नगरपालिका हुनका लागि कम्तिमा २५ शैयाको अस्पतालको सुविधा भएको हुनुपर्ने सूचक छ । थाहा नगरपालिका वडा नम्बर ४ क्याम्पाडाँडामा २०८१ वैशाख भित्रमा निर्माण सक्नेगरी १५ शैयाको अस्पताल निर्माणाधिन छ । यात्रु विश्राम स्थल तथा सार्वजनिक शौचालयसहितको बसपार्क पनि नगरपालिकाको एउटा सूचक हो । थाहा नगरपालिकामा अझैपनि ऐनले तोकेको मापदण्डमा बसपार्क निर्माण सम्पन्न हुन सकेको छैन । स्थानीय तहको पहिलो कार्यकालमा निर्वाचित प्रतिनीधिहरूले अस्पताल र बसपार्कको जग भने बसालेका छन् । ति निर्माणाधिन संरचना चाँडै निर्माण सम्पन्न भई कार्यान्वयनामा आउने नगरपालिकाले जनाएको छ । नगरपालिका घोषणा भएपछि खानेपानी तथा सरसफाईको व्यवस्था भएको हुनुपर्ने ऐनमा उल्लेख गरिएको छ । नगरपालिकाको १२ वटै वडामा पालिका, प्रदेश र संघीय सरकार तथा गैरसरकारी संघसंस्थाको समेत आर्थिक सहयोगमा खानेपानी आयोजनाहरू निर्माण भएको भएपनि 'एक घर एक धारा' अभियानमा थाहाको प्रगती सन्तोषजनक छैन । वि.सं. २०७८ को जनगाणना अनुसार ९ हजार ७४९ परिवार रहेको थाहामा २ सय २ परिवार अझै कुवाको पानी खान बाध्य छन् । नगरस्तरीय खानेपानी व्यवस्थापनका लागि वि.सं. २०७६ सालमै थाहानगर खानेपानी व्यवस्थापन बोर्ड गठन भएपनि संरचनागत रूपमा बलियो छैन । खानेपानी बोर्ड मातहतमा खानेपानी आयोजनाहरू सञ्चालनमा छैनन् ।

बैंक तथा वित्तिय संस्थाको सेवामा पनि नगरपालिकालाई झिनो मात्र सफलता मिलेको छ । नेपाल बैंक, कृषि विकास बैंक, प्रभु बैंक, महालक्ष्मी तथा सिन्धु विकास बैंक लगायतको बैङ्किङ सुविधा भएको भएपनि उक्त बैंकहरू पालिकाको बजार क्षेत्रमा मात्र केन्द्रित

*बाँकी पृष्ठ ४ मा*

## माघ महिनामा मात्र विद्युत चोर्ने ८ जनालाई कारबाही

◆ विकास संवाददाता

नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले चुहावट नियन्त्रण अभियान शुरू गरेसँगै हुकिङ मार्फत विद्युत चोरी गर्ने र मिटर वाईपास गर्ने ग्राहकलाई धमाधम फेला पार्न थालेको छ । प्राधिकरण पालुङले गोप्यढंगबाट त्यस्ता ग्राहक विरूद्ध गाउँमा स्ट्रिङ अप्रेशनकै रूपमा अभियान चलाएपछि चोरी गर्ने ग्राहकहरू कारबाहीको दायरामा ल्याइएको छ ।

प्राधिकरणले मिटरको छड्के निरीक्षण तथा रिसिलिङ अभियान समेत चलाएको छ । अभियानबाट विद्युत चुहावटहरू समेत पत्ता लाग्न थालेको छ । पालुङ वितरण केन्द्रले माघ महिनामा संचालन गरेको यस अभियानका क्रममा ८ जना ग्राहकले विद्युत चुहावट गरेको फेला परेको छ । चुहावटका कारण क्षतिपूर्ती वापत पालुङ वितरण केन्द्रले १ लाख ४३ हजार जरिवाना अशुल गरेको केन्द्र प्रमुख माधब न्यौपानेले जानकारी दिए । अभियानका क्रममा बढी विद्युतशक्ती खपत गर्ने ग्राहक तथा उपभोक्ताहरूको छड्के गरिएको र रिसिलिङ समेत गरिएको प्रमुख न्यौपानेले बताए ।

रिसिलिङ र चुहावट नियन्त्रण अभियान निरन्तर संचालन गरेसंगै पालुङ प्राधिकरणले चालु आर्थिक वर्ष २०८०/०८१ को माघसम्म विद्युत महशुल नबुझाउने ४ सय ५४ ग्राहकको लाईन काटिसकको पनि प्रमुख न्यौपानेले बताए । लाईन काटिएका ग्राहकको ८० लाख ४४ हजार बक्यौता रहेको र जस मध्ये ३ सय ७१ ग्राहकले बक्यौता बुझाई लाईन पुनः लाइन जोडिएको वितरण केन्द्रले जनाएको छ । विद्युत लाईन काटिएका ग्राहकबाट ७ लाख ७७ हजार असुल भएको पनि प्रमुख न्यौपानेले बताए ।

हेटौंडा उपमहानगरपालिका १९ नम्बर वडाको सार्वजनिक सन्देश

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरू समयमै सम्बन्धित वडा कार्यालयहरूमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।

हेटौंडा उपमहानगरपालिका, १९ नम्बर वडा कार्यालय, मकवानपुर



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## पर्यटन प्रवर्द्धनमा सञ्चारको भूमिका

पछिल्लो समय विश्वमा पर्यटन एक लोकप्रिय फुर्सदको मनोरञ्जनात्मक क्रियाकलाप भएको छ । महत्वपूर्ण स्थलहरूको भ्रमण गर्ने, संस्कृति, रीतिरिवाज, परम्परा, रहनसहन, जीवनशैलीको अध्ययन गर्ने, ऐतिहासिक पुरातात्विक एवं धार्मिक स्थलहरूमा अध्ययन अनुसन्धान गर्ने, प्रकृति सौन्दर्यमा रमाउने जस्ता विभिन्न उद्देश्य बोकेर भ्रमण गर्नेहरू पर्यटक हुन् । विश्व पर्यटन संगठनको परिभाषा अनुसार पर्यटकले आफ्नो सामान्य परिवृत्ति बाहिर, चौबीस घण्टाभन्दा बढी तर एक क्रमागत वर्षभन्दा कम समय, मनोरञ्जन, व्यापार र त्यस ठाउँमा आयश्रोत हुने क्रियाकलापबाहेक अरू उद्देश्यका लागि यात्रा गर्ने मानिसहरूलाई जनाउँछ । त्यसोतः सामान्य अर्थमा सञ्चार भन्नाले दुई वा दुईभन्दा बढी व्यक्तिहरूका बीच सूचना, विचार, अनुभव, भावना आदिको विनिमय हुने र एकअर्कामा आपसी समझदारी कायम गर्ने प्रक्रियालाई बुझिन्छ । तसर्थ सञ्चार मानव जीवनको लागि नभई नहुने कुरा हो । नेपालको सन्दर्भमा पर्यटन अर्थतन्त्रको मेरूदण्ड नै हो । पर्यटन क्षेत्रको विकासले नै मुलुकको अर्थतन्त्रलाई सबल र सक्षमता बनाउन सक्दछ । पर्यटन विकासमा विभिन्न पक्षको भूमिका रहन्छ ।

पर्यटन प्रवर्द्धनका लागि सञ्चार क्षेत्रको पनि अहम् भूमिका रहन्छ । सञ्चारको सहयोग विना पर्यटन प्रबर्द्धन गर्न सकिदैन । पर्यटन व्यवसायलाई मूर्तरूप दिन र यस व्यवसायलाई प्रबर्द्धन गर्न सकारात्मक प्रचारप्रसारमा सञ्चारको भूमिका बढी रहन्छ । स्थानीय तथा राष्ट्रियस्तरका सञ्चार माध्यमले पर्यटकीय स्थलहरूको पहिचान, खोज र तीसँग सम्बन्धित समाचारहरूलाई प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गरी पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा सञ्चारको महत्वपूर्ण भूमिका रहन्छ । नेपालका हरेक प्रदेश र जिल्लामा मनोरम ताल तलैया, धार्मिक आस्थाका मन्दिरहरू, झरनाहरू, गुफा, संग्रहालय लगायतका स्थलहरू प्रचारप्रसारको अभावमा ओझेलमा पर्दै आएका छन । यस्ता पर्यटकीय सम्भावना बोकेका स्थल र क्षेत्रहरूको प्रचारप्रसार गर्न सकेको खण्डमा आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि आकर्षक गन्तव्यस्थल बन्न सक्दछन् । पर्यटकीय स्थलहरूको बारेमा समाचारलाई प्राथमिकताका साथ प्रकाशन प्रसारण गरी त्यहाँको समग्र पक्ष र प्राकृतिक सुन्दरता, विशेषता, पशुपंक्षी, भेषभूषा, खानपान, संस्कृति आदिबारे फरक(फरक तवर र तरिकाबाट समाचार बनाएर विश्वव्यापी प्रचार रणनीति अपनाउन सके बाह्य पर्यटकहरूको लागि पनि नेपाल आकर्षणको गन्तव्य बन्न सक्दछ । मकवानपुरका पर्यटकीय क्षेत्रको विकाससगै क्रमशः प्रसारमा आउन थालेको छ । पर्यटनको विकास गर्दा केही उच्च हिमशिखर, धार्मिक वा ऐतिहासिक महत्वको स्थानहरू वा प्राकृतिक दृष्टिले महत्वपूर्ण स्थानहरूलाई नै महत्व दिने गरिएको छ । तर पर्यटनको विकासका सन्दर्भमा एउटा अर्को पक्षप्रति पनि ध्यान जानुपर्ने आवश्यकता छ । त्यो हो ग्रामीण पर्यटन । ग्रामीण पर्यटनलाई विकास गर्ने प्रयत्न गरियो भने त्यसले पर्यटनको विकासमा एउटा नयाँ आयाम थप्ने छ ।

प्राकृतिक सौन्दर्यलाई सञ्चारको माध्यमबाट देश विदेशमा प्रचारप्रसार र प्रशिक्षण कार्यक्रम गरेमा देशमा वैदेशिक आम्दानीको स्रोत बढ्छ । देशमै रोजगारीको अवसर सिर्जना भई युवाहरूले विदेशमा पसिना बगाउन जानुपर्ने बाध्यताको अन्त्य हुन सक्दछ । त्यसैले पर्यटन विकासमा सरकार गम्भीर हुन जति आवश्यक छ, भएका पर्यटकीय स्थलहरूको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धनमा सञ्चार क्षेत्रको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । नेपाल प्राकृतिक सुन्दरताको धरोहर, पर्यटकको आकर्षणको केन्द्रविन्दु, पर्यटन व्यवसायको प्रचुर सम्भावना बोकेको एउटा बैभवशाली मुलुक भएकाले, पर्यटन व्यवसाय अर्थ व्यवस्था वा समृद्धिको सूचक भएकोले यसको उचित विकास र व्यवस्थापन गरी सम्भावित चुनौतीलाई समाधान गर्ने पक्षतर्फ सम्बन्धित सरोकारवालाको ध्यान केन्द्रित हुनुपर्दछ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# बेलगाम स्थानीय तह : कसले गर्ने नियन्त्रण ?



◆ प्रतिमा सिलवाल

केहीदिनदेखि स्थानीय तहहरू चर्चाको केन्द्रमा रहे । विशेषगरी फागुन १ मा तत्कालीन नेकपा माओवादीले सशस्त्र युद्ध थालेको दिन भनेर मनपरी बिदाका कारण स्थानीय तह चर्चामा भए पनि यो तिनीहरूको बेलगाम निर्णयको एउटा उदाहरण मात्रै हो ।

देश संघीय संरचनामा गएर स्थानीय तहले पनि सरकारको हैसियत पाएपछि नागरिक खुसी भएका थिए । ७ सय ५३ वटा स्थानीय तह स्थानीय सिंहदरबार भए भन्ने खुशी थियो नागरिकमा । लामो समय कर्मचारीतन्त्रले गाँजेको स्थानीय सरकारमा आफ्नै मतले जितेर आएका टोल, छरछिमेकका अगुवाले पक्कै सहज सेवा देलान् भन्ने नागरिकको विश्वास थियो ।

तर, दोस्रो कार्यकालसम्म आइपुग्दा स्थानीय तह मनपरी गर्दै जाने थलोको रूपमा विकास हुँदै आएको छ । पछिल्लो उदाहरण हो, 'जनयुद्ध दिवस'को स्थानीय बिदा ।

सर्वोच्च अदालतको क्षेत्राधिकारमा समेत प्रश्न उठाएको 'जनयुद्ध दिवस'को चर्चा यही टुङ्ग्याएर संविधानतः प्राप्त स्थानीय सरकारको क्षेत्राधिकारमा चर्चा गरौं ।

नेपालको संविधानको २०७४ को अनुसूची ८ मा २२ वटा लामो विषयगत सूची छन् । नगर प्रहरीबाट सुरू भएको विषय सहकारी, एफएम सञ्चालन, स्थानीय कर, स्थानीय तथ्यांक अभिलेख, माध्यमिक तहसम्मको शिक्षा, स्थानीयस्तरको विकास, सडकलगायतका २२ वटा अधिकार क्षेत्र छन् ।

संविधानको व्यवस्थालाई अझ स्पष्ट व्याख्या गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ पनि तयार भएको छ । ऐनको परिच्छेद ३ ले गाउँ तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार स्पष्ट भाषामा बुझ्नेगरी उल्लेख गरेको छ । संविधानको अनुसूची ८ र ९ को साझा अधिकारको सीमाभित्र रही कानूनी व्यवस्था गरे पनि मनपरी निर्णय र दलगत स्वार्थमा काम गर्नमात्रै स्थानीय तह अघि देखिएका छन् । यसका केही प्रतिनिधिमूलक उदाहरण यहाँ उल्लेख गरिएको छः

चितवनको राप्ती नगरपालिकामा ८ महिनादेखि कार्यापालिका बैठक बसेको छैन । कार्यपालिका बैठक माग गर्दै ७२ जना जनप्रतिनिधिले ७ दिने अल्मिटम दिएका छन् ।

पालिकाका जनप्रतिनिधिबीच मनमुटाव हुँदा राप्तीमा यस पटकको नीति तथा योजना र नियमित वार्षिक बजेट समेत कार्यपालिका बैठकबाट पास भएन । तोकिएको समयमा नगरसभा नभए पनि कार्यक्रमतर्फ पालिकाको काम नै ठप्प छ ।

नगरका मेयर दल र कार्यपालिका सदस्यहरूको राजनीतिक दलहरूबीच कुरा नमिल्दा आफू अल्पमतमा पर्ने गर `पछि मेयर शमशेर लामा कार्यपालिका बैठक बोलाउने वातावरण नै नभएको भन्दै पन्छिरहेका छन् । उनले गत आइतबार एकल निर्णयमा दिएको ल्होसार पर्व बिदाको समेत जनप्रतिनिधिले प्रश्न उठाएका थिए ।

चितवनको रत्ननगर नगरपालिकाले २०७९ साल जेठ २ गते एउटा कार्यविधि पास गरेको थियो । जसको नाम हो, विज्ञ सल्लाहकार नियुक्तिसम्बन्धी कार्यविधि २०७९ । स्थानीय तहलाई संविधान र स्थानीय सरकार सञ्चालन ऐनले आफ्नो पालिकाभित्र आवश्यक पर्ने स्थानीय कानून बनाउन सक्ने अधिकार दिएको छ ।

स्थानीय तहको प्रमुख, उपप्रमुख, प्रत्येक वडामा अध्यक्षसहित ५ जना निर्वाचित हुने संवैधानिक व्यवस्था छ । नगरले आफ्नो स्थानीय तहमा अत्यावश्यक अवस्थामा र छोटो अवधिबाहेक करारमा कर्मचारी नराखी सम्बन्धित प्रदेशको लोकसेवा आयोगलाई कर्मचारी अपुगबारे जानकारी गराउने व्यवस्था छ ।

गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी निर्देशक राजेन्द्र प्याकुरेल स्थानीय तहको बेलगाम निर्णयविरुद्ध स्थानीय नागरिक नै सचेत हुनुपर्ने बताउँछन् । "संविधानले अधिकार क्षेत्र तोकेर स्थानीय तहलाई स्वायत्तता दिए पनि व्यक्तिगत स्वार्थका कारण स्थानीय तहको मनोमानी बढ्दो देखिन्छ ।"

तर, रत्ननगर नगरपालिकाले मेयरलाई सल्लाह दिनमात्रै उपसचिवसरहको तलब सुविधा दिनेगरी कार्यविधि बनाएको छ । जबकि २०७९ सालकै महालेखा परीक्षकको प्रतिवेदनमा चितवनको भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिकालगायतका देशभरका अधिकांश स्थानीय तहले नियमविपरीत सल्लाहकार राखेर तलबभत्ता खुवाएको औंल्याएको छ ।

अधिकार क्षेत्र मिचेकोमात्रै होइन, स्थानीय तहले आफूले नियन्त्रण गर्नुपर्ने क्षेत्रमा चाँहि चासो नै देखाएको पाइएको छैन । २०७९ मा सार्वजनिक महालेखा परीक्षकको प्रतिवेदनले काठमाडौं र भरतपुर महानगरपालिकासँगै देशका ठूला स्थानीय तहहरूले सहकारी जस्ता स्थानीय सरकारको अधिकार क्षेत्रको वित्तीय संस्थाको प्रभावकारी अनुगमन नै नगरेको प्रश्न उठाएको छ ।

अहिले सबैभन्दा नागरिक मारमा परेको क्षेत्र स्थानीय सहकारी हो । हजारौं नागरिकको करोडौं हिनामिना भएको नागरिकको चासो र आफ्नो क्षेत्राधिकारको सहकारी ठगीको विषयमा स्थानीय तहहरूले आफ्नो वक्तव्य समेत सार्वजनिक गरेका छैनन् । यसले पनि देखिन्छ कि स्थानीय तह नागरिकको समस्याभन्दा सस्तो लोकप्रियताको वक्तव्यबाजीमा केन्द्रित छन् ।

### कसले गर्ने नियन्त्रण ?

चितवनका स्थानीय तहले गरेका यी निर्णयहरू प्रतिनिधिमूलक उदाहरणमात्रै हुन् । देशका अधिकांश स्थानीय तहले मनलाग्दी गरेका निर्णयहरूमा लगाम लगाउने निकायहरू संवैधानिक व्यवस्थाकै छन् ।

संविधानको धारा २२० ले जिल्ला समन्वय समितिको परिकल्पना गरेको छ । समितिले जिल्लाका स्थानीय तहबीच समन्वय गर्ने, उनीहरूको कामको अनुगमन र समन्वय गर्ने जिम्मेवारी पाएको छ । तर, जिल्ला समन्वय समितिको भूमिका निम्छरो देखिन्छ ।

चितवनका जिल्ला समन्वय समिति प्रमुख नारायणप्रसाद अधिकारी समितिले विशेषगरी विकास निर्माण र अन्य कामको कानूनी प्रक्रियाका बारेमा अनुगमन गर्ने बताउँछन् । उनले एक पटक अनुगमन प्रतिवेदन पठाउँदा नभए पुनः अनुगमन गर्ने बताए ।

संघीय शासन व्यवस्थाबारे जानकार कृष्णप्रसाद सापकोटा भने जिल्ला समन्वय समितिले पाएको अधिकारको पनि राम्रोसँग उपयोग गर्न नसकेको टिप्पणी गर्छन् । उनी भन्छन्, 'एक त काम गर्ने बलियो भूमिका जिल्ला समन्वय समितिले पाएको छैन, अर्को पाएको भूमिका पनि बाँड्ने पैसा सरकारले दिएन भनेर भौतारिँदै हिँड्दा जिल्ला समन्वय समिति संरचनामा मात्रै देखिन्छ ।'

जिल्ला समन्वय समितिमात्रै होइन, बजेट परिचालन गर्न जिम्मा दिने प्रदेश र संघीय सरकार पनि अनुगमन गर्ने दायित्वमा रहन्छन् । तर, प्रदेश र संघले पनि स्थानीय तह स्वायत्त छन् भन्दै छाडेको सापकोटाको तर्क छ ।

महालेखा परीक्षकले त हरेक वर्षको योजना तथा बजेटको उपयोग वैधानिकतामा पनि प्रश्न उठाउने गर्छ । तर, खर्च गरिएका बजेट फिर्ता माग्ने अवस्थाको बेथिति भयो भने भागाभाग गर्ने स्थानीय तह अरू बेला महालेखाको प्रश्नप्रति पनि चनाखो हुँदैनन् ।

गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी निर्देशक राजेन्द्र प्याकुरेल स्थानीय तहको बेलगाम निर्णयविरूद्ध स्थानीय नागरिक नै सचेत हुनुपर्ने बताउँछन् ।

'संविधानले अधिकार क्षेत्र तोकेर स्थानीय तहलाई स्वायत्तता दिए पनि व्यक्तिगत स्वार्थका कारण स्थानीय तहको मनोमानी बढ्दो देखिन्छ', प्याकुरेल भन्छन्, 'क्षेत्राधिकार मिचेर गरेका निर्णयहरूको विरूद्धमा स्थानीय जनता नै सर्वोच्चसम्म पुगेर उनीहरूको अधिकार सम्झाइदिनु पर्ने अवस्था पनि हुनसक्छ ।'

# हृदयघात हुँदा तत्काल के गर्न सकिन्छ ?



हृदयघात हुँदा मुटुमा रगत लैजाने रक्तनली शतप्रतिशत बन्द हुन्छ, जसले मुटुको मासु मर्न थाल्छ ।

हृदयघात जुनसुकै बेला हुनसक्छ । लक्षण देखिना साथ चाँडोभन्दा चाँडो उपचार भएन भने ज्यान जान सक्छ ।

यस्तोमा प्राथमिक उपचारबारे थोरै मात्र जानकारी पाउन सकियो भने ज्यान बचाउन सकिन्छ । हृदयघात भएको व्यक्तिलाई कसरी तत्काल बचाउन सकिन्छ ?

हृदयघातको लक्षण जति छिटो पहिचान गर्न सकिन्छ त्यति बच्ने आशा रहन्छ । हृदयघातको अट्याक आउँदा बिरामीलाई असहज हुन थाल्छ । छातीमा दुखाइसँगै बेचैनी बढ्न थाल्छ । बायाँ हात वा काँधतर्फ दुखाइ बढ्छ । गिजामा पनि दुखाइ सुरु हुन्छ । सास फेर्न कठिन हुन थाल्छ । पसिना आउँछ ।

यी लक्षणबाहेक मधुमेह भएकालाई पाचनमा समस्या, बान्ता आउने, सास लिन समस्या जस्ता लक्षण देखिन सक्छ ।

### तुरुन्त एम्बुलेन्स बोलाउने

बिरामीमा यस्तो लक्षण देख्दा वर पर बस्ने व्यक्ति डराउन सक्छन् । यस्तोमा एकछिन दिमागलाई शान्त बनाउनु सबैभन्दा महत्वपूर्ण हुन्छ । शान्त दिमाग बनाई पहिला चिकित्सा मद्दत खोज्नु वा एम्बुलेन्सलाई कल गर्नुपर्छ । तर आलटाल गरी बस्नु हुँदैन । कतिपय अवस्थामा आलटाल गर्दा ज्यान जान सक्छ । हृदयघात हुनेबित्तिकै व्यक्ति ढल्दैन । केही मिनेट लक्षण देखिन्छ । यस्तोमा कैयौं बिरामी संकेत देखिए हृदयघात हुन लागेको मेसो पाउँदैनन् । एकछिनमा ठीक हुन्छ भन्दै अस्पताल जान हतार गर्दैनन् । ढिला गर्दा मुटुको मांसपेशीहरू मरिसक्छन् ।

त्यसैले लक्षण हेर्दा हृदयघातको शंका हुनेबित्तिकै एम्बुलेन्सलाई बोलाउनुपर्छ । त्यसमाथि पनि दीर्घरोग जस्तै मधुमेह, उच्च रक्तचाप भएको व्यक्ति घरमा छन् भने एक मिनेट पनि खेर जान नदिई एम्बुलेन्स वा गाडी घरमै छ भने तुरुन्त पायक पर्ने अस्पताल लाने तयारी गर्नुपर्छ ।

एम्बुलेन्स आउनुभन्दा अघि बिरामीलाई सजिलो समतल स्थानमा राख्नुपर्छ, जहाँ आराम महसुस गर्न सकोस् ।

### एस्पिरिन लिने

एम्बुलेन्सलाई बोलाएपछि ३२५ एमजी डोजको एस्पिरिन औषधि छ भने एउटा ट्याबलेट ८१ एमजीको छ भने चारवटा ट्याब्लेट तुरुन्त खानुपर्छ । यो औषधि निल्नुभन्दा चपाउँदा छिटो प्रभाव देखाउँछ ।

एस्पिरिनले धमिनीभित्र जम्न सक्ने रगतको ढिक्कालाई टुक्राउन मद्दत गर्छ । र, अस्पताल नपुग्ने समयसम्म जोखिमलाई कम गर्छ । किनकि हृदयघातले मुटुको रक्तनली फुटेर रगतको ढिक्का जमाउन सक्छ । जसले रक्तसञ्चारलाई पूरा बन्द गरिदिनसक्छ ।

मुटुरोग, रक्तचाप र मधुमेह भएकाले यो औषधि सकिन्छ भने आफ्नो पकेटमा सधैं राख्ने गर्नुपर्छ । घरमा पनि यो औषधि अनिवार्य राख्नुपर्छ । ताकि संकेत देखिने बित्तिकै खान सकियोस् । यो औषधिले हृदयघात भए पनि जीवन बचाउन सक्ने कारण यसलाई 'प्राणरक्षक औषधि' पनि भनिन्छ ।

### आफैं सवारी चलाएर अस्पताल नजाने

यस्ता लक्षण देखिंदैछ भने आफैं सवारी साधन चलाएर एक्लै जानु हुँदैन । किनभने यस्तो अवस्थामा व्यक्ति बिस्तारै बेहोस हुन पनि सक्छ । जसले सडक दुर्घटना हुनसक्छ ।

केही व्यक्ति सास लिने कठिन भइराखेको छ वा बेहोस हुन लागेको अवस्था छ भने नाडी छाम्न सकिन्छ । नाडी छाम्दा नाडी र गर्दनमा दुई औंला बलियोसँग राखि स्थिर भएर धड्कन अनुभव गर्नुपर्छ । यसले शरीरमा रक्त सञ्चार भइरहेको थाहा हुन्छ । नाडी पत्ता लगाउन कठिन भइरहेको छ । र, अचेत अवस्थामा पुग्दै गरेमा तत्काल कार्डियोपल्मोनरी रिससिटेसन (सीपीआर) गर्न सुरू गर्नुपर्छ ।

### सीपीआर गर्ने तरिका

सीपीआर गर्न छातीको केन्द्रमा बल लगाएर धक्का दिनुपर्छ । एक मिनेटमा लगभग १०० देखि १२० पटक धक्का दिनुपर्छ ।

### कसरी हुन्छ उपचार ?

हृदयघात एकिन भएपछि रगत पातलो पार्ने औषधिहरू एसपिरिन र क्लोपीडोग्रेल खुवाइन्छ । त्यसपछि क्याथ ल्याबमा लगिन्छ । बिरामीको मुटुको अवस्था हेर्न बीपी मोनिटोरिङ गरी एक्सरे सहायताले हातको नाडी वा खुट्टामा सानो प्वाल पारी पाइप छिराएर बन्द रहेको रक्तनली पत्ता लगाई सो नली खोलेर त्यहाँ (जाली वा पाइप) स्टेन्ट राखिन्छ । र, रक्तप्रवाहलाई सुचारू गरिन्छ ।

यति गरेपछि अक्सिजनको प्रवाहमा सुधार आई छातीको दुखाइ काम हुन्छ । र, मुटमा रहेको मांसपेशी मर्दैन । बन्द भएको नसा जति चाँडो खोल्यो उति मुटुलाई बचाउने सम्भावना बढी हुन्छ ।

यसरी पाइप छिराएर नलीलाई खोल्ने प्रविधिलाई प्राइमरी एन्जियोप्लास्टी भनिन्छ ।

### उपचार समयमा नपाउँदा

हृदयघात हुँदा मुटुमा रगत लैजाने रक्तनली शतप्रतिशत बन्द हुन्छ, जसले मुटुको मासु मर्न थाल्छ । र, बिस्तारै मुटु फेल हुँदै मुटु वरपरको मांसपेशी मर्दै गई फेल हुन्छ । त्यति नै बेला विद्युतीय गडबडी हुन्छ । र, मानिसको ज्यान जान सक्छ ।

# टन्सिल सुन्निने समस्याले बच्चाको मुटुमा असर

बालबालिकालाई टन्सिल भइरहेमा त्यसले मुटुमा समस्या ल्याउन सक्छ । यद्यपि हामीकहाँ धेरैजसो अभिभावक यसबारे त्यति सजग र सतर्क भएको पाइँदैन । त्यसैले समस्याले जटिल रूप लिइसकेपछि मात्र अस्पताल आउने गर्छन् ।

बच्चाको टन्सिल सुन्निंदा त्यसले मुटुलाई कसरी असर गर्छ ? यसको जवाफ खोज्नुअघि टन्सिलबारे बुझ्न जरूरी हुन्छ । टन्सिल खासमा घाँटीभित्र रहने एक अंग हो, यो आफैंमा रोग होइन । तर जब यो संक्रमित हुन्छ अर्थात् सुन्निन्छ, त्यस स्थितिलाई 'टन्सिलाइटिस' भनिन्छ । जसलाई बोलीचालीमा 'टन्सिल भएको' भनिन्छ ।

टन्सिल भन्ने अंग घाँटीभित्र मुखको ठीक पछाडिपट्टि हुन्छ । यो अण्डाकार हुन्छ । यसको मुख्य काम बाह्य संक्रामक जीवाणु (ब्याक्टेरिया वा भाइरस)लाई फोक्सोतिर प्रवेश गर्नबाट रोक्नु हो ।

टन्सिलमा पाइने एन्टिबडी (रोगसँग लड्नका लागि आवश्यक प्रतिरोधात्मक क्षमता) ले घाँटी र फोक्सोको संक्रमण रोक्न मद्दत गर्छ । यद्यपि कहिलेकाहीं बाह्य संक्रमणको कारण त्यो अंग आफैं सुन्निन्छ । यो समस्या जोकोहीलाई पनि हुन सक्ने भएपनि धेरैजो बालबालिकामा देखिन्छ ।

टन्सिल सुन्निनुको कारण टन्सिलमा बाह्य जीवाणुको सम्पर्कमा आउनु हो । टन्सिलाइटिसको मुख्य कारण स्ट्रेप्टोकोकस पायोजेन्स (ग्रूप ए स्ट्रेप्टोकोकस) नामक ब्याक्टेरिया हो । यी भाइरस चिसो मौसममा बढी सक्रिय हुन्छन् ।

### को बढी जोखिममा ?

सरसफाइको कमी, बाक्लो बस्ती, पोषणको कमी तथा स्वास्थ्य सेवा पहुँचको अभाव भएका क्षेत्रका बालबालिकामा बढी देखिन्छ । साथै, टन्सिल सुन्निंदा स्ट्रेप्टोकोकस कीटाणु सजिलै छिट्टै स्कुल, कार्यालय, भिडभाडमा फैलिन सक्छ । यस्तोमा प्रतिरोधात्मक क्षमता कम भएका बालबालिका यसको जोखिममा पर्छन् ।

### लक्षण

टन्सिल सुन्निनु र रातो हुनु, घाँटी दुख्नु, खानेकुरा निल्न कठिन हुनु, ज्वरो आउने, टाउको दुख्नु र जोर्नी दुख्नु जस्ता लक्षण देखिन सक्छन् । यी लक्षण देखिने बित्तिकै उपचार भएमा निको हुन्छ । तर समयमा उपचार भएन र लामो समयसम्म टन्सिलाइटिस भइरहेमा बाथ ज्वरोसमेत हुन सक्छ ।

### बाथ ज्वरो के हो ?

टन्सिलाइटिसको समस्याले जब बालबालिकाको बारम्बार घाँटी दुखिरहन्छ । त्यसको तीन सातामित्रमा ज्वरो आउनुका साथै हातखुट्टा सुन्निनु र जोर्नी दुखाइ हुनु बाथ ज्वरोका प्रारम्भिक लक्षण हो । चिकित्सकीय भाषामा बाथ ज्वरोलाई 'र्‍युमेटिक फिभर' भनिन्छ । पाँचदेखि १५ वर्षसम्मका बालबालिकालाई यो रोगले धेरै सताएको पाइन्छ ।

बाथज्वरोले एकपल्ट आक्रमण गरेपछि यसले संक्रमित व्यक्तिलाई छाड्दैन । पछि पनि बारम्बार आक्रमण गरिराख्छ । जतिपटक घाँटीमा संक्रमण भयो त्यति नै पटक बाथज्वरो फर्किन सक्ने सम्भावना हुन्छ । यस्तो जोखिम बढ्नु भनेको मुटु जोखिममा पर्नु हो लिनुपर्ने हुन सक्छ ।







## आफ्नै मापदण्डमा ... .. . .

हुँदा ग्रामिण वडाहरूको बैंकसम्मको पहुँच कमजोर छ । करिब ३ दर्जन सहकारीसंस्थाहरू भने पालिका क्षेत्रमा सञ्चालनमा रहेको नगरपालिकाको अभिलेख छ । थाहामा सामुदायिक भवन तथा सभाहल अन्तर्गत भने पालुङ जेसिज सभाहल नै पालिकाको सूचक मान्नुपर्ने बाध्यता रहेको छ । २०७८ को जनगणना अनुसार थाहाको १२ मध्ये २ वटा वडा मात्र शहरी क्षेत्रको वर्गिकरणमा परेको छ । नगरपालिका हुनका लागि आवश्यक सूचक मध्येको पशुवधशाला हालसम्म पनि थाहामा निर्माण हुन सकेको छैन । परम्परागत शवदाहस्थलहरू सञ्चालनमा छन् । खेल मैदानको विकासमा नगरपालिकाले लगानी गरिरहेको भएपनि राष्ट्रियस्तरका प्रतियोगिता गराउने खेल मैदानको सूचीमा थाहाको अभिलेख हालसम्म छैन । आवधिक योजना निर्माण गरेको थाहा नगरपालिको समग्र नगर गुरूयोजना अझै तयार भएको छैन । नगर गुरूयोजना नगरपालिकाको गर्विलो सूचक हो ।

१५ परिच्छेद, १२१ दफा तथा २ वटा अनुसूची रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधनको संघारमा रहेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३ फागुनमा संशोधनको 'ड्राफ्ट' सार्वजनिक गर्दै सुझाव दिन सरोकारवालाहरूलाई आव्हान गरेको छ । यहि ऐनमा नगरपालिका हुनका लागि मापदण्ड तोकिएको छ । ऐन अनुसार नभएका नगरपालिकाहरू गाउँपालिकामा क्रमशः परिणत हुने वा यथावत रहने विषय बहसको विषय भएको स्थानीय तहसंग सम्बद्ध अधिकारीहरू बताउँछन् । नगरपालिका घोषणा भएपछि जनसंख्याको मापदण्ड बाहेक अरू सूचकहरूलाई स्थानीय तहहरूले वार्षिक योजनामा समेट्दै जाने हो भने धेरै सूचक पूरा गर्न सक्ने अधिकारीहरूको भनाइ छ ।

## कार्की होमस्टे महासंघको केन्द्रीय सचिवालय सदस्य

होमस्टे (घरबास) महासंघ नेपालको केन्द्रीय बैठक तथा रणनीतिक योजना तर्जुमासहित १५ सदस्यीय सचिवालय र ४ वटा विभाग समेत गठन गरेको छ ।

सचिवालयमा मकवानपुर थाहा नगर पालिकाका माधब कार्की सहित अध्यक्ष प्रेमशंकर मर्दनियन थारू, बरिष्ट उपाध्यक्ष बाबुराजा महर्जन, उपाध्यक्ष धनिश्वर बस्याल, एकराज घिमिरे, प्रकाश गुरूङ, लक्ष्मी नारायण चौधरी, रचना बाठा, महासचिब कृष्णलाल चौधरीलगायत छन् ।

# हेटौंडा उपमहानगरको स्थापना दिवसमा कर्मचारीदेखि पत्रकारसम्म सम्मानित

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले ५५ औं स्थापना दिवस विविध कार्यक्रमकासाथ मनाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुषालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रमको अवसरमा डाक्टर भुसालले हेटौंडा उपमहानगर मुलुकको विकास गर्ने पालिकामध्ये एक रहेको बताउँदै आगामी निर्वाचनमा हेटौंडा उपमनगर पालिकाबाट महानगर पालिकामा परिणतको शुभकामना दिए । स्थापना दिवसका अवसरमा विभिन्न सम्मान तथा प्रगति पुस्तिकाको बिमोचन सहित कार्यक्रम गरिएको छ । सो अवसरमा उपमहानगरक्षेत्र भित्र रहेर विभिन्न क्षेत्रमा योगदान पुऱ्याएको व्यक्ति, सस्थालाई सम्मान गरिएको छ । हेटौंडा उपमहानगर पालिका नगरप्रमुख मीनाकुमारी लामाले उपमहानगरले समानुपातिका विकासमा जोड दिएको बताइन् ।




उपमहानगरले ५५ औं स्थापना दिवस पारेर उत्कृष्ठ कृषक, उद्यमी, खेलाडी, करदाता, शिक्षक, पत्रकार, कलाकार, कर्मचारी, सामाजिक संघसस्था, स्वास्थ्य स्वयमसेवीका, टोलविकास संस्था, बालसमूह र जग्गादातालाई सम्मान गरेको हो । स्थापना दिवसका अवसरमा बिभिन्न बिधामा कर्मचारीलाई सम्मान गरिएको छ । उपमहानगर पालिकाले पत्रकार सुनिता विष्ट, निशा गुरूङ, अमृत चिमरिया, गणेश दुलाल र भावना रि जाललाई छापा तथा विद्युतीय माध्यममा उपमहानगरका समाचारलाई प्राथमिकता दिएकोले सम्मान गरिएको हो ।

कार्यक्रममा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँ, प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, नेपाली कांग्रेस मकवाानपुरका सभापति बुद्ध लामा, नेकपा एमाले मकवानपुरका उपसचिव सीता विष्ट, नेकपा माओवादी केन्द्रका सागर बानियाँ, नेकपा एकीकृत समाजवादी अध्यक्ष विष्णुप्रसाद दाहाल, जनता समाजवादी पार्टीका सोमबहादुर घलान, नगरस्तरीय बालसञ्जाल सचिव प्रकृति भण्डारीलगायतले बोलेका थिए ।

# ५० प्रतिशत अनुदानमा ३४ वटा ट्याक्टर वितरण

◆ विकास संवाददाता

तरकारी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत थाहा नगरपालिकाको ८ नम्बर वडामा किसानहरूलाई ५० प्रतिशत अनुदानमा कृषि सामाग्री वितरण गरिएको छ । नगरपालिकाले चालु आर्थिक वर्ष २०८०/०८१ स्वीकृत कार्यक्रम अनुसार कृषकहरूलाई यान्त्रिकरण र आधुनिक खेतीतर्फ उन्मुख गराउन कृषि सामाग्री वितरण गरिएको हो ।

आग्रा कृषि सहकारी संस्था लिमिटेडमा आवद्ध किसानहरूलाई २९ माघमा कृषि सामाग्ीहरू वितरण गरि एको कृषि शाखा प्रमुख संजय तिवारीले बताए । कार्यक्रममा ७ एच.पि. क्षमताको पेट्रोलबाट सञ्चालन हुने ३२ वटा मिनिटिलर, २ वटा डिजलबाट सञ्चालन हुने मिनिटिलर, स्प्रेयर २० थान, ३ सय प्याकेट ह्वाइट टप काउलीको बीउ, ३



सय पाकेट अकवरे खुर्सानीको बीउ, ३ सय किलो बीउ छोप्ने प्लास्टिक, ३ सय मिटर बीउ छोप्ने जाली वितरण गरिएको कृषि शाखा प्रमुख संजय तिवारीले जानकारी दिए ।

संघीय ससर्त कार्यक्रम निर्देशिका अनुसार सञ्चालन भएको तरकारी खेती प्रवर्द्धन कार्यक्रमबाट वडामा पहिलो पटक किसानहरूले अनुदानमा कृषि उपकरण र बीउ पाएपछि उनीहरू खुशी भएका छन् । थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर बिष्टले वडाको आग्रा मोरिया क्षेत्रलाई तरकारी खेती प्रवर्दन गरी विकास गर्न पाउनु नगरको लागि ठूलो अवसर भएको बताए ।

त्यसैगरी कृषि शाखा प्रमुख संजय तिवारीले अब परम्परागत कृषि प्रणाली त्यागी आधुनिक खेती तर्फ उन्मुख हुन र उत्पादन बढाउनको लागि यस्ताखालको कार्यक्रम प्रभावकारी हुने बताउदै कृषकहरूको हितमा कार्यगर्न कृषि शाखा सधै तत्पर रहेको  भनाइ राखे । आग्रा कृषि सहकारीका अध्यक्ष रमेश विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिकाका आर्थिक विकास समिति संयोजक हिरेन्द्र कुमार रायमाझी, ८ नम्बर वडा अध्यक्ष हेम कुमार थिङ, कृषि विकास अधिकृत विकास विक, पशु प्राविधिक रूपेश कुमार मिश्र, पुर्व वडा अध्यक्ष टिकाराम रूम्बा, वडा जनप्रतिनिधिहरू तथा किसानहरूको उपस्थिति रहेको थियो ।

# भीमफेदीमा ५० प्रतिशत अनुदानमा असला माछा र खरी बाख्रा

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिकाले असला माछा र स्थानीय खरी जातको बाख्रा प्रवर्द्धनका लागि ५० प्रतिशत अनुदान दिने भएको छ । यस कार्यक्रमका लागि पालिकाले आवेदन आव्हान गरेको छ । पालिकाको पशु सेवा शाखाले आव्हान गरेको सूचनामा फागुन १८ गतेसम्म निवेदन दिन सकिने उल्लेख छ ।

असला माछा प्रवर्द्धन कार्यक्रम वडा नम्बर ६ मा मात्र सञ्चालन हुने जनाइएको छ । ५० प्रतिशत अनुदानमा संचालन हुने यस कार्यक्रमका लागि कृषि फर्मले मात्र दरखास्त निवेदन पेश गर्न पाउनेछन् । यस कार्यक्रम अनर्त्गत माछाको पोखरी निर्माण, पानीको स्रोत व्यवस्थापन र माछाको भुरा खरिदका लागि किसानले अनुदान पाउने छन् । त्यसैगरी स्थानीय गरी जातको बाख्रा



प्रवर्द्धन कार्यक्रम पनि ५० प्रतिशत अनुदानमै सञ्चालन हुने योजना भएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवराज पार्धेले जानकारी दिए । भीमफेदी गाउँपालिका वडा नम्बर ८ का कृषि फर्म र समूहले यस कार्यक्रमका लागि निवेदन दिन सकिने प्रशासकीय अधिकृत पार्धेले बताए । यस कार्यक्रम अन्तर्गत खरी माउ बाख्रा तथा प्रजनन् योग्य बोका खरिद, खोर निर्माण तथा सुधार र परजीवी नियन्त्रणमा किसानले अनुदान पाउनेछन् ।

कार्यक्रमका लागि तोकिएको ढाँचामा निवेदनका साथै वडा कार्यालयको सिफारिस, फर्म, समूहको दर्ता प्रमाणपत्र लगायतको कागजात आवश्यक रहेको सूचनामा उल्लेख गरिएको छ । थप जानकारीका लागि पशु सेवा शाखामा सम्पर्क गर्न समेत सूचनामै उल्लेख गरिएको छ ।

हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडाको सार्वजनिक सन्देश
तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध बिच्छेद लगायतका घटनाहरू समयमै सम्बन्धित वडा कार्यालयहरूमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।
हेटौंडा उपमहानगरपालिका, ११ नम्बर वडा कार्यालय, मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
9855068340/9802068340

# छुटेका सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुले निवेदन दिन पाउने

◆ विकास संवाददाता

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि निवेदन खुलाएको छ । आयोगको सूचनामा आधारमा थाहा नगरपालिकाले नगर क्षेत्रका यस अघि निवेदन दिन छुटेका भूमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भर्न आव्हान गरेको छ ।

आउँदो ५ चैत्रसम्म थाहा नगरपालिका कार्यालयमा छुटेकाहरूको निवेदन संकलन गरी अनलाईन अद्यावधिक गर्ने थाहा नगरपालिका प्रशासन शाखाले जनाएको छ । तोकिएकै मितिभित्र निवेदन पेश गर्न नगरपालिकाले आग्रह गरेको छ । पालिकाको सूचनामा यो अन्तिम पटकका लागि सूचना प्रकाशन गरिएको समेत जनाएको छ ।

निवेदन फारम भर्नका लागि भूमि आयोगको अनुसार परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सबै सदस्यको नेपाली नागरिकताको प्रमाणप्रत्रको प्रतिलिपि अनिवार्य आवश्यक पर्नेछ भने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी बाहेकका निवेदकका लागि आफू र आफ्नो परिवारका सदस्यहरूको नाममा रहेको सबै जग्गाको पुर्जाको प्रतिलिपी पेश गर्नुपर्नेछ । सूचना अनुसार जग्गा उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि पनि पेश गर्नुपर्नेछ ।

उपभोगको प्रमाणहरूमा विद्युत/पानीको महसुल तिरेको रसिद, थाहा नगरपालिका वा वडा कार्यालयमा सम्पत्ती कर/बहाल विटौली कर तिरेको निस्सा/रसिद, घरमुली (दम्पत्ती मध्ये कोही) मृत्यू भएको भए मृत्यू दर्ताको प्रतिलिपी, घर मुली (दम्पत्ती) को छुट्टाछुट्टै पासपोर्ट साइजको फोटो एक/एक प्रति, वडा कार्यालयको सिफारिस, भोगचलन गर्न दिएको प्रमाण भए सोको एक प्रति, उपलब्ध अन्य प्रमाणहरूको प्रतिलिपी फारमका साथ पेश गर्नुपर्ने सूचनामा उल्लेख छ ।

# बज्रवाराही माविले ७० औं वार्षिक उत्सव मनायो

◆ विकास संवाददाता

मकवानपुर क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य महेश कुमार बर्तौलाले वर्तमान सरकारले शिक्षा क्षेत्रमा चाहिने जति बजेट विनियोजन गर्न पनि कन्जुस्याइ गरेकै कारण शिक्ष क्षेत्रको सुधार हुन नसकेको बताएका छन् । सांसद बर्तौलाले शिक्षा ऐन, २०२८ ले शिक्षा क्षेत्रका सबै सवाल समेट्न नसकेकोले नयाँ शिक्षा ऐनले शिक्षाको समस्यालाई सम्बोधन गर्ने बताए ।

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ६ मा फर्सिखेलमा रहेको बज्रवाराही माध्यमिक विद्यालयको ७० औं वार्षिकोत्सव तथा अभिभावक भेलालाई सम्बोधन गर्दै सांसद बर्तौलाले यस्तो बताएका हुन् । कार्यक्रममा विद्यालयले तीन दिनदेखि विविध कार्यक्रमका साथ मनाउँदै आएको ७० औं वार्षिकोत्सवको विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलापहरूको विजेताहरूलाई पुरस्कार पनि वितरण गरिएको थियो । सो अवसरमा विद्यालयलाई विविध समयमा सहयोग गर्ने संघसंस्थाहरूलाई पनि प्रशंसापत्र र दोसल्ला ओढाई सम्मान गरीएको थियो ।

वार्षिक उत्सवको अवसरमा विद्यालयले बज्रवाराही बचत तथा ऋण सहकारी संस्था लि., साना किसान कृषि सहकारी संस्था लि., प्यासिफिक बचत तथा ऋण सहकारी संस्था लि., बलम्बु च्याउ सहकारी संहकारी संस्था लिमिटेडलाई संस्थागत सम्मान गरेको छ । त्यसैगरी चन्दादाताहरू रामकृष्ण लामिछाने, श्याम राजा सिंह ठकुरी र विक्रम जोशी, सुरेन्द्र गोपाली र तिलक बहादुर लामालाई पनि सम्मान गरिएको थियो ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष कल्पना बलामीको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिती सदस्य सुवर्ण गोपाली, थाहानगर वडा नम्बर ६ वडाध्यक्ष राजेन्द्रभक्त श्रेष्ठ, ५ नम्बर वडाध्यक्ष बिष्णु बहादुर गुरूङ, नेपाली काँग्रेस थाहानगर सभापति प्रमोद कृष्ण जोशी, नेकपा एमालेका नगर अध्यक्ष अच्युत्तम प्रसाद ढकाल, नेकपा एकीकृत समाजवादीका नगर अध्यक्ष सुरेन्द्र थापा मगर, समाजसेवी महेश्वर सुवेदी लगायतकाको आतिथ्यता रहेको थियो ।

विद्यालयका प्रधानाध्यापक रमेशमान डंगोलसहित शिक्षकहरू, विद्यालय व्यवस्थापन समिती पदाधिकारीहरू, शिक्षक अभिभावक संघका पदाधिकारी, पूर्व विद्यार्थी, अभिभावक जनप्रतिनिधि, विद्यार्थीहरूलगायतको उपस्थिती रहेको वार्षिकोत्सव समारोहमा विद्यार्थीहरूले विविध सांस्कृतिक कार्यक्रम र शैक्षिक प्रदर्शनी समेत गरेका थिए ।

# कृषिमा वडाबाटै योजना तर्जुमा, किसान हर्षित

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्वर ३ को कार्यालयले आफ्नो वार्षिक कार्यक्रम अन्तरगत टनेल निर्माणका साथै मिनिटिलर र ईलेक्ट्रिक स्प्रे पम्पका लागि सहयोग गरेपश्चात वडाका किसानहरू खुसी भएका छन् । थाहा नगरपालिका वडा नम्बर ३ भोटखोरियाका कृषक नरेश कार्की टनेलमा तरकारी बालीको बिरूवा उत्पादन गर्न निकै सहज भएको बताए । कार्कीले खुल्ला ठाँउमा बिउ राख्दा उमारमा समस्या, उम्रेपनि जोगाउन हम्मे हम्मे हुने अतित सुनाए ।

खुल्ला ठाँउमा तरकारी बालीको बिउ राख्न भन्दा टनेलमा निकै सहज हुने अर्का कृषक प्रदिप उप्रेती बताउछन् । समयको बचतसंगै बिउको उमार र हुकाईका लागि टनेल निकै उपयोगी हुने उप्रेतीले बताए । तरकारीको बिरूवा उत्पादन गर्नका साथै १२ महिना नै तरकारी उत्पादन हुने भएकोले टनेल निकै प्रभावकारी हुने कृषक दिपक बिष्टले बताए । बिष्टले वडाका कृषकहरूलाई टनेल निर्माण लगायतका कृषि सामग्री सहयोग गरेकोमा वडा कार्यलय र जनप्रतिनिधिहरूलाई धन्यवाद दिए ।

वडा कार्यालयले ७२ वर्ग मिटरको टनेल निर्माणका लागि आवश्यक बाँस र प्लाष्टिक निशुल्क उपलब्ध गराएको छ भने कृषकले निर्माण र अन्य खर्च गर्नुपर्ने हुन्छ । एउटा टनेल निर्माणको लागि आवश्यक पर्ने २० वटा बाँस र टनेललाई प्लाष्टिक वडा कार्यालयले उपलब्ध गराउने वडा सदस्य सबिता सुनारले बताइन् । एक घर एक टनेलको अवधारणा अन्तरगत वडाका कृषकहरूलाई तरकारीको बिउ उत्पादनमा आत्मनिर्भर बनाउन टनेल निर्माणका लागि कृषकहरूलाई प्रोत्सहान गरिएको वडा अध्यक्ष हिरेन्द्र कुमार रायमाझीले बताए ।

१ हजार ४६ घरधुरी रहेको वडा नम्बर ३ मा कृषकहरूको मागको आधारमा गत बर्ष ४५ वटा टनेल निर्माणको लागि वडा कार्यालयले सहयोग गरेको थियो भने यसवर्ष ९० वटा टनेल निर्माणको लागि सहयोग गरेको छ । वडाको मूख्य पेशा कृषि भएकोले कृषिमा युवाहरूलाई आकर्षित गरी ब्यवशायिक बनाउनको लागि टनेल निर्माणकालागि सहयोग गरिएको र आगामी वर्षमा समेत टनेल निर्माणका लागि सहयोग गरिने अध्यक्ष रायमाझीले बताए ।

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ईन्द्रायणीचौर, मकवानपुर**

**आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त सम्बन्धी ३० दिने बोलपत्र आव्हानको सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८०/१०/२५**

स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को परिच्छेद-३ दफा ११ को (घ) मा व्यवस्था भए बमोजिम थाहा नगरपालिकाबाट बाहिर जाने तरकारि व्यवसाय कर उठाउन २०८१ बैशाख देखि २०८१ साल चैत्र महिना सम्मको लागि बोलपत्रबाट ठेक्का लगाउनु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहायको शर्तको अधिनमा रहि रितपूर्वकको सिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण तथा कागजातहरु यस कार्यालयको Website: www.thahamun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

**तपशिल:**

| ठेक्का नं. | विवरण | न्युनत्तम ठेक्का रकम रु. (भ्याट वाहेक) | टेण्डर फाराम दस्तुर रु. | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १५/२०८०/८१ | तरकारी व्यवसाय निकासी कर | ४६,७९,०००।०० (छयालिस लाख उनान असी हजार) मात्र | २,०००।०० | कबोल अंकको ५% | |

**प्रमुख प्रशासकीय अधिकृत**

**ढल जन्य फोहोर ब्यवस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि ट्याङ्की ब्यबस्थापनको लागि ट्याङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

**टयाङ्कर सेवाको लागि सम्पर्क :-**
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

**थाहा नगरपालिका**
ईन्द्रायणिचौर मकवानपुर ।



**समयमै व्यक्तिगत घटना दर्ता गरौं ।**

**थाहा नगरपालिका**
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालयः थाहा–४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# सुरक्षित आप्रवासन कार्यक्रमको दिगोपनाको विषयमा अन्तरक्रिया

◆ विकास संवाददाता

थाहा नगरपालिकामा सुरक्षित आप्रवासन कार्यक्रमको दिगोपनाको विषयमा जनप्रतिनिधि तथा सरोकार वालाहरूसँग अन्तरक्रिया भएको छ ।

थाहा नगरपालिकाको आयोजनामा २६ माघमा कार्यक्रम भएको हो । थाहाका नगर प्रमुख विष्णुबहादुर विष्टको अध्यक्षतामा भएको कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यहरू, सम्बन्धित शाखा प्रमुखहरू, पत्रकार, प्रहरी, कार्यक्रमका लाभग्राहीहरू सहित हेल्भेटास नेपाल सामी कार्यक्रम सहयोग इकाइ बागमती प्रदेश प्रमुख, कार्यक्रम प्रबन्धक तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सुरक्षित आप्रवासन कार्यक्रम सामीका लाभग्राहीहरू कमला घले, शिवकुमारी अधिकारी, उर्मिला अधिकारी, चन्द्रकुमारी बस्नेत, सरिता स्याङ्तान, शिलाकुमारी गुरूङ लगायतले कार्यक्रम निकै प्रभावकारी रहेको र उक्त कार्यक्रमबाट आफूहरूमा निकै ठूलो परिवर्तन भएको अनुभव सुनाएका थिए । सो अवसरमा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, हेल्भेटास नेपालका बागमती प्रदेश प्रमुख पुरूषोत्तम अधिकारी, कार्यक्रम प्रवन्धक उमा पौडेल, रोजगार संयोजक कुमार नेगी र सामी मकवानपुरका सामाजिक परिचालन अधिकृत प्रतिक्षा खड्काले प्रस्तुतीकरण गरेका थिए ।

कार्यक्रममा बोल्दै थाहा नगरपालिकाका प्रमुख विष्टले सुरक्षित आप्रवासनको सवालमा सामी कार्यक्रम निकै प्रभावकारी रहेको उल्लेख गरे । उनले नेपाल सरकारको सम्झौताअनुसार सामी कार्यक्रमले निरन्तरता नपाए पनि थाहा नगरपालिकामा सुरक्षित आप्रवासन कार्यक्रमअन्तर्गत वित्तीय साक्षरता, मनोपरामर्श, सूचनामा पहुँच, न्यायमा पहुँच र सीप विकास तालिम कार्यक्रमलाई निरन्तर सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरे ।

# नयाँ भवनबाट जिल्ला अदालतको सेवा

◆ विकास संवाददाता

जिल्ला अदालत मकवानपुरले सुविधा सम्पन्न नयाँ भवनबाट सेवा प्रवाह सुरू भएको छ । अदालतको सुविधायुक्त भवन बनेको करिब ३ महिनापछि सो भवनबाट सेवा प्रवाह सुरू गरिएको हो । भवन निर्माण करिब ३ महिनासम्म पनि हस्तान्तरण नहुँदा प्रयोगमा आउन सकेको थिएन । उक्त भवन निर्माण बापत कवीन्द्र नवसिर्जन सेलेट निर्माण कम्पनी काठमाडौँले ३ करोड ३६ लाख रूपैयाँ भुक्तानी लिनु बाँकी रहेको छ ।

अदालतले २८ माघबाट नयाँ भवनबाट सेवा प्रवाह सुरू गरेको जिल्ला अदालत मकवानपुरका श्रेस्तेदार लेखनाथ पौडेलले जानकारी दिए । उनका अनुसार अदालतको भवन निर्माण बापतको रकम निर्माण व्यवसायीलाई अर्थ मन्त्रालयले रकम उपलब्ध नगराउँदा हस्तान्तरणमा समस्या हुँदै आएको थियो । अर्थ मन्त्रालयमा रकम भुक्तानीका लागि अदालतको निरन्तरको ताकेता भइरहेको र व्यवसायीको रकम भुक्तानी छिट्टै हुने भएकाले भवन हस्तान्तरण गरिएको उनले बताए ।

सेवा प्रवाह र भवनको औपचारिक उद्घाटन आगामी फागुन १६ मा गर्ने गरी तयारी गरिएको उनको भनाइ छ । हेटौंडा उपमहानगरपालिका २ मा रहेको जिल्ला अदालतको भवन पुरानो भएकाले भत्काएर नयाँ भवन निर्माणका लागि २०७७ माघमा ठेक्का लगाएर काम सुरू गरिएको थियो ।


## सुरक्षित रूपमा वैदेशिक रोजगरीमा जाऔं ।

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखीकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानू अघि घर–परिवारसंग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर–परिवारलाई छोडौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थाहा नगरपालिका रोजगार सेवा केन्द्रको सूचना

चालु आर्थिक वर्ष २०८०/८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकले २०८० फागुन महिनाभरिमा आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यससम्बन्धी थप जानकारी थाहा नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र, वडा कार्यालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np वा थाहा नगरपालिकाको वेबसाइट www.thahamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

थाहा नगरपालिका
रोजगार सेवा केन्द्र

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी